# मौलिक चलचित्र निर्माण तथा प्रवर्द्धनमा सहयोग कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना:** प्रदेशको आर्थिक, सामाजिक, राजनीतिक, साँस्कृतिक, भाषिक, धार्मिक, ऐतिहासिक, पुरातात्विक, प्राकृतिक महत्व झल्किने, प्रदेशको पर्यटन र संस्कृति प्रबर्द्धन गर्न योगदान पुग्ने, परम्परागत ज्ञान र सीप प्रतिबिम्बन हुने सिर्जनात्मक, भावनात्मक तथा सम्वेदनात्मक र कलात्मक चलचित्र वा बृत्तचित्र उत्पादन, निर्माण र प्रर्बद्धन गर्न आवश्यक भएकोले,

बिनियोजन ऐनको दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "मौलिक चलचित्र निर्माण तथा प्रवर्द्धन सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "मौलिक चलचित्र" भन्नाले प्रदेशको आर्थिक, सामाजिक, राजनीतिक, भाषिक, धार्मिक, ऐतिहासिक, पुरातात्त्विक र प्राकृतिक महत्व झल्किने तथा पराम्परागत ज्ञान एवम् सीप प्रतिबिम्वित हुने मौलिक संस्कृतिमा आधारित रही सिर्जनात्मक, भावनात्मक र संवेदनात्मक साथै कलात्मक चलचित्र वा बृत्तचित्रलाई सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले सञ्चार रजिस्ट्रारको कार्यालयलाई सम्झनु पर्छ।

(ग) "चलचित्र" भन्नाले जुनसुकै प्रविधिमा बनेको सार्वजनिक प्रदर्शन गर्ने उद्देश्यले निर्माण भएको सिर्जनात्मक र व्यवसायिक चलायमान चित्र सम्झनुपर्छ र सो शब्दले लघु चलचित्र वा चलचित्र वा बृत्तचित्र समेतलाई चलचित्र सम्झनु पर्छ।

(घ) "चलचित्रकर्मी" भन्नाले चलचित्र क्षेत्रमा कलात्मक, सिर्जनात्मक बौद्धिक, सीपमूलक, शारीरिक श्रम गर्ने व्यक्ति र चलचित्र व्यवसायीलाई सम्झनु पर्छ।

(ङ) "चलचित्र व्यवसायी" भन्नाले चलचित्रको निर्माण, वितरण वा प्रदर्शनको व्यवसाय गर्ने व्यक्ति सम्झनु पर्छ।

(च) "चलचित्र प्रोत्साहन बृत्ति" भन्नाले चलचित्र वा लघु चलचित्र वा बृत्तचित्र र चलचित्र महोत्सवका लागि तोकिएको सहयोग स्वरुप दिइने रकमलाई सम्झनु पर्छ।

(छ) "छायाँङ्कन स्थल" भन्नाले प्रदेश सरकारले तोकेका प्राकृतिक, धार्मिक, ऐतिहासिक, साँस्कृतिक, गाउँ, पर्व, समाज, संस्कृति, भेषभुषा, रहनसहन, परम्परागत सीपको समिश्रण सहित छायाँकन गर्न सकिने बिषयलाई सम्झनु पर्छ।

सचिव

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

(ज) "पटकथा" भन्नाले चलचित्र निर्माणका लागि तयार पारिने दृश्यात्मक र ध्वन्यात्मक कथाबस्तुलाई सम्झनु पर्छ।

(झ) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्छ।

(ञ) "प्रतिकृति(Replica)" भन्नाले कुनै गाउँ, समाज, भेषभुषा, परम्परागत ज्ञान, सीप, प्रविधि, कला, संस्कृति प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रतिबिम्बन झल्कने कलात्मक स्थान वा छायाँङ्कन स्थल सम्झनु पर्छ।

(ट) "प्रस्ताव छनोट समिति" भन्नाले दफा ६ बमोजिमको समितिलाई सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई सम्झनु पर्छ ।

(ड) "मूल्याङकन समिति" भन्नाले दफा १३ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

(ढ) "एप्रिसियसन कार्यशाला" भन्नाले चलचित्रका बिषयवस्तुलाई ग्रहण गरी चलचित्रका बिभिन्न बिधालाई बुझाउने सिकाईको कार्यशालालाई सम्झनु पर्छ।

बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय हेटौंडा, नेपाल

(त) "लघु चलचित्र" भन्नाले सबै क्रेडिटसहित चालिस मिनेटभन्दा कम समय भएका चलचित्रलाई सम्झनु पर्छ।

(थ) "स्थानीय कलाकार" भन्नाले चलचित्रमा उपयोग हुने स्थानीय जनशक्तिलाई सम्झनु पर्छ।

## परिच्छेद-२
## उद्देश्य र सञ्चालन

३. <u>कार्यक्रम सञ्चालनको उद्देश्य</u>: यस कार्यविधिको कार्यान्वयन गर्ने कार्यक्रमको उद्देश्य देहायबमोजिम रहनेछन्:-

(क) बागमती प्रदेशभित्रका कला, संस्कृति, संस्कार र पर्यटकीय गन्तव्यलाई प्रबर्द्धन गर्ने,

(ख) स्थानीय प्रतिभालाई चलचित्रमा प्रष्फुटन गराउने,

(ग) चलचित्र उद्योगको लागि जनशक्ति उत्पादनमा सहयोग पुरयाउने,

(घ) बागमती प्रदेशका बिषयवस्तुलाई चलचित्रमार्फत राष्ट्रियकरण गर्न सहयोग गर्ने,

(ङ) बागमती प्रदेशमा हुने चलचित्र महोत्सवलाई सहयोग पु-याउने,

(च) स्थानीय भेषभुषा र स्थानीय खानाका परिकारलाई स्थापित गराउने,

(छ) बागमती प्रदेशभित्रका बिभिन्न समुदायका बीचमा सदभाव बृद्धि गराई राष्ट्रिय एकतालाई बलियो बनाउने,

(ज) धार्मिक समुदायका बीचमा आपसी सहिष्णुता बृद्धि गर्ने,

सचिव

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

(झ) जलवायु परिवर्तनको असर र न्यूनीकरणका उपाय खोज्ने,

(ञ) कृषि, पशुपालन, परम्परागत ज्ञान तथा सीप र उद्यमशीलतालाई प्रोत्साहित गर्ने,

(ट) बागमती प्रदेशभित्रका बिषयवस्तु समेटिएका अन्तराष्ट्रियरुपमा नेपालको पहिचान झल्किने चलचित्र निर्माण गर्न प्रोत्साहित गर्ने,

(ठ) चलचित्र छायाँङ्कनका लागि बागमती प्रदेशसम्बन्धी प्रर्बद्धनात्मक कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने,

(ड) बागमती प्रदेशमा चलचित्र निर्माण गर्न अन्य प्रदेशका चलचित्रकर्मीलाई प्रोत्साहन गर्ने,

(ढ) चलचित्रक्षेत्रको प्रर्बद्धनको लागि सहलगानी र सहनिर्माण आकर्षित गर्न पहल गर्ने,

(ण) बागमती प्रदेशमा छायाँङ्कन र निर्माण भएका चलचित्रलाई अन्तराष्ट्रियस्तरमा आयोजना हुने महोत्सव, प्रर्बद्धनात्मक कार्यक्रममा सहभागिता जनाउन सङ्घीय सरकारमार्फत पहल गर्ने,

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

४. <u>बिषयवस्तु छनोटका आधार</u>ः दफा (३) बमोजिमका उद्देश्य प्राप्त हुने गरी चलचित्र निर्माणका बिषयवस्तु छनोटका आधार देहायबमोजिम हुनेछन्:-

(क) चलचित्र निर्माण गर्ने बिषयवस्तु बागमती प्रदेशभित्रको हुनुपर्ने,

(ख) चलचित्रको कथाबस्तुमा बामगती प्रदेशको मौलिकपना देखिनुपर्ने,

(ग) पर्यटन, संस्कृति र धार्मिक तथा सामाजिक संस्कार प्रबर्द्धनमा योगदान पुग्ने,

(घ) तोकिएको अवधिभित्र छाँयाङ्कन गरी चलचित्र निर्माण गर्न सक्ने,

(ङ) राष्ट्रिय तथा अन्तराष्ट्रिय महोत्सवमा प्रतिस्पर्धात्मक रुपमा प्रदर्शन गर्न लायक हुनु पर्ने,

(च) चलचित्रले दिन खोजेको सन्देश स्पष्ट हुनु पर्ने,

(छ) अल्पसंख्यक र लोपोन्मुख समुदायको भाषा, संस्कृति, सामाजिक संस्कारलाई प्राथमिकता दिने,

(झ) जलवायु परिवर्तनको असर र न्यूनीकरणका बिषयलाई प्रोत्साहित गर्ने,

(ञ) कृषि, पशुपालन, उद्यमशिलता, परम्परागत ज्ञान र सीप समेटिएको बिषयलाई प्रोत्साहित गर्ने,

(ट) धार्मिक सहिष्णुतालाई अभिबृद्धि गर्ने, र

सचिव

गंगानारायण श्रेष्ठ
मन्त्री

(ठ) कथावस्तुलाई श्रव्यदृश्यमा रुपान्तरण गराउन सक्ने।

५. <u>कार्यक्रम कार्यन्वयन प्रक्रिया</u>:(१) दफा ४ बमोजिमको आधार भएका बिषयवस्तुमा चलचित्र निर्माण गर्न चाहने व्यक्ति वा संस्थालाई पन्ध्र(१५) दिनको समय दिई कार्यालयले राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा(१) बमोजिमको अवधिभित्र दफा ४ बमोजिमको आधारमा चलचित्र निर्माण गर्न चाहने व्यक्तिले चलचित्र निर्माण गर्न सक्ने कार्ययोजनासहित अनुसूची-१ मा तोकिएको ढाँचामा कार्यालयमा प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) उपदफा(२) बमोजिम प्राप्त प्रस्तावसहितको कार्ययोजनालाई कार्यालयले दफा ६ बमोजिमको समितिमा पेश गर्नेछ।

(४) दफा ६ बमोजिमको समितिले स्वीकृत गरेका प्रस्तावका प्रस्तावकलाई कार्यालयको वेवसाइटमा सूचना प्रकाशित गरी जानकारी गराउनेछ।

६. <u>प्रस्ताव छनोट समिति</u>: (१) दफा ४ बमोजिमको आधार र दफा ५ बमोजिमको सूचनाका आधारमा प्राप्त प्रस्ताव छनोट गर्न देहाय बमोजिमको समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सञ्चार रजिस्ट्रार | -संयोजक |
| (ख) | चलचित्र समीक्षक | -सदस्य |
| (ग) | चलचित्रको पटकथा लेखक | -सदस्य |
| (घ) | प्रतिनिधि(कानून), मन्त्रालय | -सदस्य |
| (ङ) | संस्कृति पर्यटन हेर्ने मन्त्रालयको प्रतिनिधि | -सदस्य |
| (च) | चलचित्रका बिभिन्न बिधामा दक्षता हासिल गरेका व्यक्ति दुई जना | -सदस्य |
| (छ) | चलचित्र निर्देशक | -सदस्य |
| (ज) | सञ्चार रजिस्ट्रार कार्यालयको अधिकृत | -सदस्य-सचिव |

(२) उपदफा (१) को दफा (च) बमोजिमको बिधा भन्नाले चलचित्र निर्देशक, समीक्षक, लेखक, छायाँङ्कन, संगीत, ध्वनी नियन्त्रक, निर्माता, सम्पादक, ग्राफिक्स डिजाइनर, चलचित्र पत्रकार, चलचित्र पढाउने प्राध्यापक सम्झनु पर्छ।

(३) उपदफा (१) बमोजिमको समितिले प्रस्ताव उपयुक्त ठहऱ्याएमा प्रस्ताव स्वीकृत गरेको जानकारी सम्बन्धित आवेदकलाई दिनु पर्नेछ।

७. <u>समितिको काम कर्तव्य र अधिकार</u>: (१) दफा ५ बमोजिम प्राप्त प्रस्ताव, कथावस्तु र कार्ययोजना छनोट गर्ने समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

सचिव



मा. गंगानारायण श्रेष्ठ
मन्त्री

(क) कार्ययोजनामा सम्बन्धित गन्तव्य वा बिषयवस्तुको समग्र पक्षको जानकारी भए नभएको जाँच गर्ने,

(ख) कथाबस्तुमा सामाजिक र धार्मिक सदभावलाई बलियो बनाउने पक्षको अध्ययन भए नभएको हेर्ने,

(ग) कथाबस्तुमा ऐतिहासिक पक्षलाई स्मरणयोग्य बनाउने गरी उत्खनन गर्ने बिषयवस्तु समेटिए नसमेटिएको हेर्ने,

(घ) कथाबस्तुमा सम्बन्धित गन्तव्य वा बिषयवस्तु अन्य स्थान र समुदायका लागि सन्देशमूलक रहे नरहेको हेर्ने,

(ङ) कथाबस्तुमा साँस्कृतिक मूल्य मान्यता र बिश्वासमा आघात पुग्ने बिषयवस्तु रहे नरहेको जाँच्ने,

(च) कथाबस्तुले पर्यटन र संस्कृति प्रर्बद्धन गराउन सक्ने आधार प्रस्तुत गरे नगरेको हेर्ने,

(छ) कथाबस्तुमा स्थानीय समुदायलाई पुग्ने लाभ र असरको लेखाजोखा भए नभएको हेर्ने,

(ज) कथाबस्तुले दिने सन्देश प्रष्ट रहे नरहेको हेर्ने,

(झ) चलचित्रको बिषयवस्तु बन्न सक्ने औचित्यको आधार प्रस्तुत भए नभएको हेर्ने,

(ञ) संक्षेपमा चलचित्रको कार्ययोजना प्रस्तुत भए नभएको हेर्ने,

(ट) चलचित्र वा बृत्तचित्र छायाँङ्कन गर्न उपयोगमा आउन सक्ने संभावित कलाकार उल्लेख भए नभएको हेर्ने,

(ठ) प्रस्तावकले चलचित्र निर्माण गर्न सक्ने आधार रहे नरहेको मूल्यांकन गर्ने,

(ड) चलचित्र छायांकन गरिने पालिका तोकिए नतोकिएको हेर्ने,

(ढ) आवेदकको प्रस्ताव र कार्यालयको बजेटको सीमाभित्र रहेर प्रस्ताव छनोट गर्ने,

(ण) कुनै प्रस्तावमा अतिरिक्त सूचना र जानकारी थप्नु पर्ने भएमा थप्न सुझाव दिने, र

(त) माथि उल्लेखित बुँदाबाहेक अन्य उपयुक्त आधार र मापदण्ड निर्धारण गरी प्रस्ताव छनोट गर्न सक्ने।

८. <u>प्रस्ताव छनोट:</u> (१) कार्यालयको बजेटको सीमाभित्र रही दफा ७ मा तोकिएका अधिकार प्रयोग गरी दफा ६ बमोजिमको समितिले प्रस्ताव छनोट गर्नेछ।

सचिव



मा. गंगानारायण श्रेष्ठ
मन्त्री

(२) समितिले सिफारिस गरेका प्रस्ताव उपयुक्त ठहरिएमा कार्यालयले प्रस्तावकको नामावली कार्यालयको वेवसाइटमा प्रकाशन गर्नेछ।

(३) कार्यालयले दफा १० बमोजिम प्राप्त गरेको नम्बरको आधारमा कम नम्बर प्राप्त गरेका प्रस्तावकलाई बैकल्पिक उम्मेदवारको सूचीमा राख्न सक्नेछ।

(४) कार्यालयले सूचना प्रकाशन गरेको मितिले सात दिनभित्र चलचित्रको पटकथा लेखन कार्यशालामा सहभागी हुन सक्ने वा नसक्ने जानकारी प्रस्तावकले गराउनु पर्नेछ।

(५) कार्यालयले तोकेको मिति र स्थानमा उपस्थित हुन नसक्ने भएमा छनोट भएका प्रस्तावकको सट्टामा बैकल्पिक प्रस्तावकलाई कार्यालयले बोलाउन सक्नेछ।

९. <u>प्रस्ताव पेश गर्न चाहने व्यक्तिको योग्यता र अनुभवः</u> (१) चलचित्र पटकथा लेखन कार्यशालामा सहभागी हुन चाहने प्रस्ताव देहायबमोजिमको योग्यता र अनुभव भएकालाई प्राथमिकताका आधारमा छनोट गरिनेछ।

(क) Logline लेखाई

(ख) Synopsis लेखाई

(ग) Statement of Interest लेखाई

(घ) चलचित्रसम्बन्धी बिषय अध्ययन गरेको,

(ङ) चलचित्रमा सहयोगीको रुपमा काम गरेको,

(च) चलचित्रको समीक्षात्मक टिप्पणी लेखेको,

(छ) रंगमञ्च वा चलचित्रको पटकथा लेखेको आधार प्रस्तुत गरेको,

(ज) बिषयवस्तु बुझ्ने र लेख्ने क्षमता भएको, र

(झ) चलचित्रका लागि कार्ययोजना पेश गरेको,

(ञ) कम्तिमा तीन बर्षदेखि भिडियो (टेलिभिजन) मा काम गरेको,

(२) कार्यशालामा सहभागी हुन चाहने व्यक्ति बागमती प्रदेशको बासिन्दा वा पाँच बर्षदेखि बागमती प्रदेशमा क्रियाशील रहेको हुनु पर्नेछ।

१०. <u>प्रस्ताव छनोटको मापदण्डः</u> (१) दफा ९ बमोजिमको योग्यता र अनुभव भएका व्यक्तिको प्रस्ताव छनोट गर्दा छनोट समितिले देहायबमोजिमको अंक दिई सबैभन्दा बढी नम्बर प्राप्त गर्नेलाई पटकथा लेखन कार्यशालामा सहभागी गराउन सिफारिस गर्न सक्नेछ ।

(क) Logline लेखाई



सचिव

गंगानारायण श्रेष्ठ
मन्त्री

(ख) Synopsis लेखाई १०

(ग) Statement of Interest लेखाई १०

(घ) चलचित्रसम्बन्धी बिषय अध्ययन गरेको १०

(ङ) चलचित्रमा सहयोगीको रुपमा काम गरेको १०

(च) चलचित्रको समीक्षात्मक टिप्पणी लेखेको १०

(छ) रंगमञ्च वा चलचित्रको पटकथा लेखेको १०

(ज) बिषयवस्तु बुझ्ने र लेख्ने क्षमता भएको १०

(झ) चलचित्र निर्माण गर्न पेश गरेको कार्ययोजनाको आधार १०

(ञ) कम्तिमा तीन बर्षदेखि भिडियो(टेलिभिजन) मा काम गरेको १०

(२) कार्यालयले दफा ९ बमोजिमको योग्यता तथा अनुभव र दफा १० बमोजिमको नम्बर प्राप्त गरेका व्यक्तिलाई मात्र चलचित्र निर्माण गर्ने कथाकस्तुको कार्ययोजना सहित चलचित्रको पटकथा लेखन कार्याशालामा बोलाउन सूचना प्रकाशित गर्नेछ।

## परिच्छेद- ३

## चलचित्र कार्यशाला र प्रोत्साहन बृत्ति

११. **पटकथा बिकास गर्ने कार्यशाला:** (१) कार्यालयले आयोजना गर्ने पटकथा लेखन कार्यशालामा प्रस्तावमाथि घनीभूत छलफल र अन्तक्रिया गराई पटकथालाई श्रव्यदृश्यका लागि छायाँङ्कनयोग्य बनाउने सीपलाई परिस्कृत गराइनेछ।

(२) कार्यविधिमा तोकिएको उद्देश्य मिल्ने गरी कार्यशालामा पटकथामाथि अन्तक्रियात्मक सीप बिकास गराइनेछ।

(३) चलचित्र पटकथा कार्यशाला सञ्चालनका लागि सम्बन्धितक्षेत्रका बिज्ञलाई कार्यालयले परामर्श सेवामा लिन सक्नेछ भने आवासीय कार्यशालाको मिति र स्थान कार्यालयले तोकेबमोजिम हुनेछ।

(४) कार्यालय र प्रशिक्षकले निर्धारण गरेको कार्यशाला सञ्चालन सम्बन्धी बिधि र मापदण्ड पालना गर्नु सहभागीहरुको कर्तव्य हुनेछ।

(५) उपदफा(४) बमोजिम कार्यालय र प्रशिक्षकले लागू गराएको बिधि र मापदण्ड पालना नगर्ने सहभागीलाई जुनसुकै वेला कार्यालयले कार्यशालाबाट फिर्ता पठाउन सक्नेछ।

(६) प्रस्तावहरुमध्येबाट पहिलो चरणमा सहभागी भइ छनोट भएका प्रस्तावकलाई मात्र दोस्रो चरणको कार्यशालामा सहभागी गराइनेछ।

सचिव

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

(७) दोस्रो चरणको कार्यशालामा सहभागी भएका प्रस्तावकको प्रस्ताव छनोट गर्ने अधिकार प्रशिक्षक र कार्यालयलाई हुनेछ।

(८) प्रदेशभित्र रहेका स्थानीय तहसँग सहकार्य गरी चलचित्र पटकथा लेखन कार्यशाला सञ्चालन गर्न सकिनेछ।

(९) स्थानीय तहसँग सहकार्य गरी सञ्चालन गरिने कार्यशालाको बिधि आपसी सहमतिमा निर्धारण गर्न सकिनेछ।

१२. <u>चलचित्र प्रोत्साहन बृत्तिः</u> (१) दोस्रो कार्यशालामा सहभागी प्रस्तावमध्ये उत्कृष्टताका आधारमा चलचित्र प्रोत्साहन बृत्तिका लागि योग्य हुने छन्।

(२) उपदफा (१) बमोजिम प्रशिक्षकले सिफारिस गरेका प्रस्तावकलाई कार्यालयले प्रोत्साहनबृत्ति प्रदान गर्न सक्नेछ।

(३) उपदफा(१) बमोजिमका उत्कृष्टताका आधारमा पटकथा लेखन तथा चलचित्र निर्माणका लागि प्रदान गरिने बृत्तिलाई बाँडफाँडको सिफारिस गर्ने अधिकार दफा १३ बमोजिमको समितिमा हुनेछ।

(४) उपदफा(३) बमोजिमको बाँटफाँट गर्दा पटकथा लेखकलाई पच्चीस प्रतिशत र बाँकी पचहत्तर प्रतिशत चलचित्र निर्माणका लागि छुटयाउनु पर्नेछ।

(५) उत्कृष्टताका आधारमा छनोट भएका पटकथा लेख्ने व्यक्तिले चलचित्र निर्माण गर्न नचाहेमा दोस्रो व्यक्तिले उक्त पटकथामा चलचित्र निर्माण गर्न चाहेमा पटकथा लेखकलाई पच्चीस प्रतिशत र चलचित्र निर्माण गर्ने दोस्रो व्यक्तिलाई पचहत्तर प्रतिशत प्रोत्साहनबृत्ति कार्यालयले प्रदान गर्न सक्नेछ।

(६) प्रति चलचित्र निर्माणका लागि प्रोत्साहन बृत्तिको कूल रकम एक लाख रुपैयाको हुनेछ।

(७) पटकथा स्वीकृत भइ प्रारम्भिक छायाँङ्कन थालेपछि पटकथा लेखनवापतको पूरा रकम र चलचित्र निर्माणको चालिस प्रतिशत रकम कार्यालयले भुक्तानी दिन सक्नेछ।

(८) उपदफा (७) बमोजिमको भुक्तानी पाएका चलचित्र निर्माताले बाँकी साठी प्रतिशत भुक्तानी पाउन दफा १३ बमोजिमको समितिबाट स्वीकृत गराई सम्पादन गरिएको चलचित्र पेनड्राइभमा कार्यालयमा हस्तान्तरण गर्नु पर्नेछ।

(९) उदफा (७) बमोजिम चालिस प्रतिशत भुक्तानी लिई चलचित्र निर्माण नगर्ने व्यक्तिलाई कालोसूचीमा राखेर सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

सचिव

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

(१०) निर्मित चलचित्रमा बागमती प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, सञ्चार रजिस्ट्रारको कार्यालयको सहयोगमा निर्मित भनी उल्लेख गर्नु पर्नेछ।

(११) चलचित्र पटकथा कार्यशालामा सहभागी भएका तर प्रोत्साहन बृत्ति नपाएका पटकथाले चलचित्र बन्ने अवस्था आएमा बागमती प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, सञ्चार रजिस्ट्रारको कार्यालयद्धारा आयोजित कार्यशालामा सहभागी भनी उल्लेख गर्नु पर्नेछ।

(१२) कार्यशालाबाट उत्कृष्टताका आधारमा निर्मित चलचित्रको प्रतिलिपि अधिकार सम्बन्धित व्यक्तिमा हुनेछ।

(१३) लघु चलचित्र कम्तिमा १५ मिनेटको हुनु पर्नेछ।

(१४) कार्यशालाबाट उत्पादित कथा संग्रालय(स्टोरी बैंक) मा राख्न सक्नेछ।

(१५) कथा संग्रालयमा रहेका पटकथामा चलचित्र निर्माण गर्न चाहने व्यक्ति वा संस्था र पटकथा लेखकबीच कार्यालयले सहजीकरण गरिदिन सक्नेछ।

१३. <u>चलचित्र मूल्याङकन समितिः</u> (१) चलचित्र प्रोत्साहन बृत्ति प्राप्त गरी निर्माण भएका चलचित्र निर्माताले कम्तिमा तीन पटक देहायबमोजिमको समितिसमक्ष प्रस्तुत गरी पृष्ठपोषण प्राप्त गरेर अन्तिम स्वीकृति लिनु पर्नेछ।

(क) सञ्चार रजिस्ट्रार -संयोजक

(ख) चलचित्र समालोचक -सदस्य

(ग) चलचित्र निर्देशक -सदस्य

(घ) प्राध्यापक(चलचित्र पढाउने) -सदस्य

(ङ) सिनेमाटोग्राफर -सदस्य

(च) चलचित्र सम्पादक -सदस्य

(छ) प्रतिनिधि(कानून), मन्त्रालय -सदस्य

(ज) संस्कृति पर्यटन हेर्ने मन्त्रालयको प्रतिनिधि -सदस्य

(झ) सञ्चार रजिस्ट्रार कार्यालयको इन्जिनियर -सदस्य

(ञ) सञ्चार रजिस्ट्रार कार्यालयको अधिकृत -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिका पदाधिकारीले दिएको पृष्ठपोषणलाई समावेश गरी चलचित्र प्रोत्साहनबृत्ति पाएका निर्माताले सम्पादन गर्नु पर्नेछ।

बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय हेटौंडा, नेपाल

सचिव

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

(३) चलचित्र निर्माताले कार्यालयले तोकेको समयसीमा भित्र दफा १३ बमोजिमको समिति समक्ष अन्तिम स्वीकृत गराईसक्नु पर्नेछ।

(४) अन्तिम सम्पादन भएका चलचित्रलाई प्रदेश सरकारले चाहेको ठाउँमा प्रदर्शन गर्नु चलचित्र निर्माताको कर्तव्य हुनेछ।

(५) कार्यशालाबाट निर्माण भएका उत्कृष्ट चलचित्रलाई प्रदेश सरकारले सम्मानित तथा पुरस्कृत गर्न सक्नेछ।

## परिच्छेद- ४

## चलचित्र महोत्सव, बृत्तचित्र र फिचर चलचित्रलाई सहयोग गर्न सक्ने

१४. **चलचित्र महोत्सवलाई सहयोग गर्न सक्नेः** (१) बागमती प्रदेशभित्र हुने चलचित्र महोत्सवलाई महोत्सवको प्रकृति, महोत्सवमा प्रदर्शन गरिने चलचित्र, ती चलचित्रले दिन सक्ने सन्देशका आधारमा कार्यालयले सहयोग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सहयोग प्राप्त गर्न चाहने महोत्सव आयोजकले महोत्सवमा प्रदर्शन गरिने चलचित्रको विवरणसहितको प्रस्ताव कार्यालयमा पठाउनु पर्नेछ।

(३) कार्यालयमा प्राप्त प्रस्ताव अध्ययन गरी सिफारिस गर्न देहायबमोजिमको समिति रहनेछः-

(क) सञ्चार रजिस्ट्रार -संयोजक

(ख) प्रतिनिधि(कानून हेर्ने), मन्त्रालय -सदस्य

(ग) संस्कृति पर्यटन हेर्ने मन्त्रालयको प्रतिनिधि -सदस्य

(घ) चलचित्र समीक्षक तथा समालोचक -सदस्य

(ङ) सञ्चार रजिस्ट्रार कार्यालयको अधिकृत -सदस्य-सचिव

बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय हेटौंडा, नेपाल

(४) उपदफा (३) बमोजिमको समितिले कार्यालयमा रहेको बजेटको सीमाभित्र रहेर एउटा महोत्सवलाई बढीमा दुई लाख रुपैयासम्म सिफारिस गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम सिफारिस भएको रकमको पचास प्रतिशत महोत्सव शुरु हुनुभन्दा अगाडि र पचास प्रतिशत रकम महोत्सव समापन भएको प्रतिवेदन पेश गरेपछि कार्यालयले भुक्तानी गर्नेछ।

(६) उपदफा (५) बमोजिम पचास प्रतिशत भुक्तानी लिएर महोत्सव नै आयोजना नगरेको पाइएमा त्यस्तो व्यक्ति वा संस्थालाई कालोसूचीमा राखेर सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

(७) कार्यालयबाट प्रोत्साहनवृत्ति पाएर आयोजना गरिएको महोत्सवमा कार्यालयको प्रतिनिधि वा उपदफा (३) बमोजिमको समितिका पदाधिकारीलाई सहभागी गराउनु पर्नेछ।

सचिव

मा. [illegible]नारायण श्रेष्ठ
मन्त्री

(८) कम्तिमा तीन बर्षदेखि चलचित्र महोत्सव सफलतापूर्वक आयोजना गरेका संस्था मात्र सहयोगका लागि योग्य हुनेछन्।

(९) बागमती प्रदेशको कथाबस्तुमा आधारित चलचित्र अन्तराष्ट्रिय महोत्सवमा छनोट भइ सहभागिता जनाउनुपर्ने अवस्थामा सहभागी हुने प्रति चलचित्र निर्मातालाई अनुसूची-४ बमोजिमको भ्रमणबृत्ति कार्यालयले प्रदान गर्न सक्नेछ।

(१०) उपदफा(९) बमोजिम पेश भएको प्रस्ताव मनासिव देखिएमा भिसा, टिकट र महोत्सव आयोजकले पठाएको निमन्त्रणा पत्रसहित निवेदन दिएपछि कार्यालयले भुक्तानी गर्न सक्नेछ।

(११) भ्रमणबृत्तिका लागि योग्य हुने अन्तराष्ट्रिय चलचित्र महोत्सव अनुसूची-४ बमोजिम हुनेछन्।

(१२) प्रदेशको कथाबस्तुमा आधारित चलचित्र बागमती प्रदेशभन्दा बाहिर नेपालभित्रैका चलचित्र महोत्सवमा प्रदर्शनका लागि छनोट भएमा प्रति चलचित्र दस हजार रुपैया भ्रमणबृत्ति प्रदान गर्न सक्नेछ।

(१३) उपदफा (९) वा (१२) बमोजिम चलचित्र महोत्सवमा सहभागी भई फर्केपछि प्रोत्साहनबृत्ति प्राप्त गर्न चलचित्र निर्माताले फोटोसहितको प्रतिवेदन कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

१५. <u>बृत्तचित्रलाई सहयोग गर्न सक्ने:</u> (१) बागमती प्रदेशको कथाबस्तुमा आधारित बृत्तचित्र बनाउन चाहने व्यक्तिलाई प्रदेश सरकारले बढीमा एक लाख रुपैयासम्म सहयोग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सहयोग प्राप्त गरी बृत्तचित्र निर्माण गर्न चाहने व्यक्ति वा संस्थाले कार्यालयसमक्ष अनुसूची-३ बमोजिमको ढाचामा कार्ययोजनासहितको प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रस्ताव छनोटका लागि कार्यालयले दफा ६ बमोजिमको समितिसमक्ष पेश गर्नेछ।

(४) दफा ६ बमोजिमको समितिले दिएका पृष्ठपोषणसहित स्वीकृति दिएमा प्रस्तावकले समितिका पृष्ठपोषणलाई समावेश गरी बृत्तचित्र निर्माण गर्न सक्नेछ।

(५) प्रस्तावक स्वीकृत प्राप्त बृत्तचित्र निर्माताले दफा १३ बमोजिमको मूल्याङ्कन समितिसमक्ष पेश गरेर पृष्ठपोषण प्राप्त गरी अन्तिम सम्पादन गरेपछि कार्यालयमा पेश गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको बृत्तचित्रमा बागमती प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, सञ्चार रजिस्ट्रारको कार्यालयबाट सहयोग प्राप्त भनी उल्लेख गर्नु पर्नेछ।

(७) उपदफा (५) बमोजिम पेश भएको बृत्तचित्र निर्मातालाई दफा १३ बमोजिमको मूल्याङ्कन समितिले सिफारिस गरेबमोजिम कार्यालयले भुक्तानी दिनेछ।

बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय हेटौंडा, नेपाल

सचिव

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

(८) स्वीकृत प्राप्त बृतचित्र निर्माताले बृत्तचित्र निर्माण गर्न शुरु गर्दा पचास प्रतिशत र बृत्तचित्र निर्माण गरी अन्तिम सम्पादनपछि पेनड्राइभमा बृत्तचित्र हस्तान्तरण गरेपछि पचास प्रतिशत रकम कार्यालयले भुक्तानी दिन सक्नेछ।

१६. **चलचित्रलाई सहयोग गर्न सक्ने:** (१) बागमती प्रदेशभित्र छायाँङ्कन गरिएको, प्रदेशको कथाबस्तुमा आधारित चलचित्र बिषयवस्तु रहेको, बागमती प्रदेशका कलाकारको अभिनय रहेको, बागमती प्रदेशमा क्रियाशील चलचित्रकर्मीले निर्माण गर्ने चलचित्रलाई प्रदेश सरकारले सहयोग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको चलचित्र निर्माण गर्न चाहने व्यक्तिले अनुसूची-३ बमोजिमको ढाचामा कार्यालय समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रस्तावलाई कार्यालयले दफा ६ बमोजिमको समितिसमक्ष पेश गर्नेछ।

(४) उपदफा (३) बमोजिम दफा ६ बमोजिमको समितिले प्रस्ताव स्वीकृत गरेमा मौलिक चलचित्र निर्मातालाई एक लाख रुपैयासम्म प्रोत्साहनबृत्ति प्रदान गर्न सकिनेछ।

(५) उपदफा (४) बमोजिमको रकम प्राप्त गर्न छायाँङ्कन गर्न थालेको प्रमाण पेश गरेपछि स्वीकृत रकममध्ये पचास प्रतिशत रकम प्राप्त गर्न चलचित्र निर्माताले कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको आवेदन प्राप्त भएपछि कार्यालयले स्वीकृतमध्ये पचास प्रतिशत रकम भुक्तानी गर्नेछ।

(७) उदफा (६) बमोजिम पचास प्रतिशत भुक्तानी लिएर चलचित्र निर्माण नगरेको पाइएमा त्यस्तो व्यक्ति वा संस्थालाई कालोसूचीमा राखेर सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

(८) चलचित्र निर्माणको छायाँङ्कन सकिएको र सम्पादन थालिएको प्रमाण पेश गरेपछि अन्तिम किस्ता पचास प्रतिशत रकम प्राप्तिका लागि चलचित्र निर्माताले निवेदन दिनु पर्नेछ।

(९) उपदफा (८) बमोजिमको निवेदकलाई कार्यालयले अन्तिम किस्ता भुक्तानी दिनु पर्नेछ।

(१०) पहिला दर्ता हुने र चलचित्रको कथाबस्तुका आधारमा दफा ६ बमोजिमको समितिले निर्णय गरेबमोजिमको सहयोग प्रदान गर्न सकिनेछ।

(११) प्रदेशले तोकेका पर्यटकीय गन्तव्यमा छायाँङ्कन गरेर पर्यटन प्रर्बद्धनमा योगदान दिन सक्ने भएमा त्यस्ता चलचित्रलाई सुविधा प्रदान गर्न दफा १३ बमोजिमको समितिले प्रदेश सरकारलाई सिफारिस गर्न सक्नेछ।

सचिव



मा. गंगानारायण श्रेष्ठ
मन्त्री

१७. <u>प्रस्ताव आव्हान गरी छनौट गरिने:</u> दफा १४ १५ १६ मा सहयोग गर्नु पूर्व चलचित्र महोत्सव, वृत्तचित्र, चलचित्रलाई प्रोत्साहनबृत्ति प्रदान गर्नु पूर्व राष्ट्रिय दैनिक पत्रिकामा कम्तिमा १५ दिनको सूचना प्रकाशन मार्फत प्रस्ताव आव्हान गरिने र प्राप्त प्रस्ताव मध्येका उत्कृष्टताका आधारमा छनौट गरिनेछ।

१८. <u>प्रतिकृति (Replica) निर्माण गर्न सक्ने:</u> (१) प्रदेश सरकारले तोकेका समुदायको रहनसहन, जीवनशैली, खानपान, बासस्थान, कर्मस्थल, संस्कृति, प्रकृति झल्किने प्रतिकृति निर्माण गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिकृतिमा छायाँङ्कन गर्न सकिने स्थान छ भने प्रदेश सरकारले छायाँङ्कनका लागि सिफारिस गरिदिन सक्नेछ।

(३) प्रतिकृति निर्माण गर्न चाहने समुदायले आवेदन दिएमा आवश्यकता र औचित्यका आधारमा प्रदेश सरकारले बजेट व्यवस्था गर्नु पर्नेछ।

(४) व्यक्ति वा संस्था वा समुदाय आफैंले प्रतिकृति सञ्चालन गर्न चाहेमा प्रतिकृति सञ्चालक समिति गठन गर्न सक्नेछ।

(५) प्रतिकृति सञ्चालनको सम्पूर्ण जिम्मेवारी उक्त समितिमा रहनेछ।

(६) प्रतिकृति सञ्चालक समितिले चलचित्र वा म्यूजिक भिडियो छायाँङ्कन गर्न चाहने व्यक्ति वा संस्थासँग शुल्क लिन सक्नेछ।

(७) प्रतिकृति सञ्चालक समितिले लिने शुल्क दफा १३ बमोजिमको समितिले निर्धारण गरेबमोजिम हुनेछ।

(८) उपदफा (७) बमोजिमको शुल्क उपदफा (४) बमोजिमको समितिले कोष खडा गरी प्रतिकृति मर्मत सम्भार र निर्माणमा खर्च गर्न सक्नेछ।

१९. <u>एप्रिसियसन कार्यशाला सञ्चालन गर्न सक्ने:</u> (१) चलचित्रका बारेमा नियमित लेख्ने पत्रकार तथा लेखक, चलचित्रका बारेमा जान्न चाहने व्यक्तिहरुलाई लक्षित गरी कार्यालयले एप्रिसियसन कार्यशाला सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एप्रिसियसन कार्यशालामा सहभागी हुन चाहने व्यक्तिलाई लक्षित गरी सात दिनको समयसीमा दिई कार्यालयले वेवसाइटमा सूचना प्रकाशित गर्नेछ।

(३) उपदफा (२) बमोजिमको समयसीमाभित्र एप्रिसियसन कार्यशालामा सहभागी हुन चाहने व्यक्तिले अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त आवेदनमध्ये उपयुक्त ठहरिएका व्यक्तिलाई एप्रिसियसन कार्यशालामा सहभागी गराउन कार्यालयले सूचना प्रकाशित गर्नेछ।

सचिव



मा. गंगानारायण श्रेष्ठ
मन्त्री

(५) उपदफा (४) बमोजिमको कार्यशालाका लागि तोकेको स्थान र समयमा पुग्नु छनोट भएका व्यक्तिको कर्तव्य हुनेछ।

(६) एप्रिसियसन कार्यशाला एक साता लामो आवासीय हुन सक्नेछ।

(७) चलचित्र क्षेत्रमा काम गर्ने संस्थाको प्रस्ताव र दक्षताका आधारमा एप्रिसिएसन कार्यशाला सञ्चालन गर्न प्रदेश सरकारले सहयोग गर्न सक्नेछ।

(८) कुनै संस्थाले चलचित्रसम्बन्धी सम्मेलन गर्न प्रस्ताव पेश गरेमा प्रदेश सरकारले प्रस्तावका आधारमा सहयोग गर्न सक्नेछ।

(९) प्रदेश सरकारको सहयोगमा भएका सम्मेलनबाट प्राप्त भएका पृष्ठपोषण प्रदेश सरकारलाई बुझाउनु पर्नेछ।

२०. **छायाँङ्कन स्थल तोक्न सक्नेः** (१) प्रदेश सरकारले बागमती प्रदेशका पर्यटकीय, साँस्कृतिक, धार्मिक, ऐतिहासिक, पर्यावरणीयलगायत बिभिन्न क्षेत्रलाई छायाँङ्कन स्थल तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले तोकेका छायाँङ्कन स्थल सञ्चालक समिति गठन गर्न सकिनेछ।

(३) छायाँङ्कन स्थलको मर्मत सम्भारको जिम्मेवारी उपदफा (२) बमोजिमको समितिमा हुनेछ।

(४) छायाँङ्कन स्थलमा छायाँङ्कन गर्न चाहने व्यक्ति वा संस्थाका लागि दफा १३ बमोजिमको समितिले शुल्क निर्धारण गरिदिन सक्नेछ।

(५) चलचित्र निर्माण गर्न चाहने व्यक्ति वा संस्थाले तोकिएको शुल्क बुझाई प्रदेश सरकारले तोकेका स्थानमा छायाँङ्कन गर्न सक्नेछन्।

(६) छायाँङ्कन स्थलमा छायाँङ्कन गरेवापतको शुल्क बुझाउनु लघु चलचित्र, बृत्तचित्र, चलचित्र र म्यूजिक भिडियो निर्माताको कर्तव्य हुनेछ।

२१. **छायाँङ्कन स्टुडियोः** (१) बागमती प्रदेशभित्र राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरको छायाँङ्कन स्थल निर्माण गर्न उचित प्रस्ताव आएमा मूल्याङकनका आधारमा प्रदेश सरकारले सहयोग गर्न सक्नेछ।

(२) बागमती प्रदेशभित्र राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरको छायाँङ्कन स्थल निर्माण गर्न प्रदेश सरकारको प्राथमिकता रहनेछ।

(३) उपदफा (१) र (२) बमोजिम स्थापित छायाँङ्कन स्थलमा बिभिन्न समुदायका प्रतिकृति राख्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम स्थापित छाँयाङ्कन स्थललाई प्रभावकारीरुपमा सञ्चालन गर्न एक सञ्चालक समिति गठन गर्न सकिनेछ।

सचिव

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

(५) उपदफा (४) बमोजिम स्थापित छायाँङ्कन स्थल सञ्चालक समितिको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरेबमोजिम हुनेछ।

(६) छायाँङ्कन स्थलमा छायाँङ्कन गर्न चाहने व्यक्ति वा संस्थाले बुझाउनु पर्ने शुल्क दफा १३ बमोजिमको समितिले निर्धारण गरेबमोजिम हुनेछ।

२२. <u>श्रव्यदृश्य तथा तस्विर छायाँङ्कनः</u> (१) पर्यटन र संस्कृति प्रबर्द्धन गर्न प्रदेश सरकारले तोकेका ऐतिहासिक, साँस्कृतिक, पुरातात्विक, धार्मिक, प्राकृतिक, कृषिभूमि लगायतका स्थानको कार्यालयले श्रव्यदृश्य तथा तस्विर छायाँङ्कन गराउन सक्नेछ।

(२) उपदफा(१) बमोजिम छायाँङ्कन गरिएका श्रव्यदृश्य तथा तस्विरलाई पोष्टर, पोष्टकार्डको रुपमा उपयोग गरी प्रदेशमा आउने पाहुनालाई वितरण गर्न सकिनेछ।

(३) छायाँङ्कन गरिएका श्रव्यदृश्य तथा तस्विरलाई कार्यालयले आफनो अभिलेखमा राख्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम अभिलेखीकरण गरिएका श्रव्यदृश्य र तस्विर चलचित्र निर्माणमा उपयोग गर्न चाहेमा, प्रदेशका कुनै मन्त्रालय वा कार्यालयले माग गरेमा मन्त्रालयले तोकेको शुल्क लिइ कार्यालयले उपलब्ध गराउन सक्नेछ।

(५) उपदफा (३) बमोजिम श्रव्यदृश्य र तस्विर छायाँङ्कन गर्न आधुनिक प्रविधि र उपकरणको प्रयोग गर्न सकिनेछ।

(६) उपदफा (५) बमोजिम छायाँङ्कन गरिएका तस्विरमा अंग्रेजी र नेपाली भाषामा शब्द लेखेर कार्यालयले पुस्तक प्रकाशित गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिमको पुस्तकमा रहेका शब्द चित्रलाई बागमती प्रदेशका गन्तव्य स्थलको रुपमा स्थापित गर्न गराउन प्रदेश सरकारले आवश्यक निर्णय गर्न सक्नेछ।

(८) गन्तव्य निर्देशिका, पुस्तक, श्रव्यदृश्य सामग्री र अन्य प्रर्बद्धनात्मक कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

२३. <u>मातृभाषाका चलचित्रलाई प्राथमिकताः</u> (१) प्रदेशमा बोलिने मातृभाषामा निर्माण हुने चलचित्रलाई प्राथमिकता दिइनेछ।

(२) मातृभाषामा निर्मित चलचित्रलाई अन्य भाषामा रुपान्तरण गर्न यो कार्यविधिले बाधा पु-याएको मानिने छैन।

(३) अन्य भाषामा निर्मित चलचित्रलाई मातृभाषामा रुपान्तरण गराउन चाहेमा पनि यो कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन।

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

२४. **बजेटसम्बन्धी ब्यबस्था**ः कार्यविधिमा उल्लेखित कार्यक्रम कार्यान्वयनका लागि चालु आर्थिक बर्षमा बिनियोजित बजेटको सीमाभित्र रहनु पर्नेछ।

२५. **संशोधन गर्न सकिने**ः कार्यविधिमा उल्लेखित बिषयमा संशोधन गर्नु परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ।

२६. **बाधा अडकाउ फुकाउ**ः कार्यविधिमा उल्लिखित कार्यक्रम कार्यान्वयनको क्रममा कुनै बाधा तथा अप्ठयारो परेमा मन्त्रालयले बाधा अडकाउ फुकाउको निर्णय गर्न सक्नेछ।

सचिव

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

# अनुसूची- १

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

श्रीमान सञ्चार रजिस्ट्रार ज्यू
बागमती प्रदेश, हेटौडा, नेपाल।

सञ्चार रजिस्ट्रार कार्यालयबाट प्रकाशित सूचना बमोजिम चलचित्र पटकथा लेखन कार्यशालामा सहभागी हुन चलचित्र निर्माण कार्ययोजनासहित प्रस्ताव पेश गरेको छु।

१. कार्यशालामा सहभागी हुन चाहने व्यक्तिको नामः

२. कार्यरत जिल्ला र पालिकाको ठेगानाः

३. शैक्षिक योग्यता वा कार्यअनुभवः

(क)

(ख)

४. नागरिकताको प्रमाणपत्रः

५. मोबाइल नम्बर र इमेलः

६. चलचित्रसँग सम्बन्धित बिषयमा काम गरेको अनुभवः

(क)

(ख)

७. आवेदकले देहायका विवरण अनिवार्य रुपमा पठाउनु पर्नेछ।

(a) Logline: 90 words

(b) Synopsis: 250 words

© Statement of Interest: 500 words

(d) Artistic Vision and Concept

(e) Biography

सचिव

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची- २

(दफा १७ को उपदफा (३) सँग सम्बन्धित)

श्रीमान सञ्चार रजिस्ट्रार ज्यू
बागमती प्रदेश, हेटौडा, नेपाल।

सञ्चार रजिस्ट्रार कार्यालयबाट प्रकाशित सूचना बमोजिम चलचित्र एप्रिसियसन कार्यशाला सहभागी हुने योग्यता र अनुभव रहेको व्यक्तिगत विवरणसहित यो निवेदन पेश गरेको छु।

१. कार्यशालामा सहभागी हुन चाहने व्यक्तिको नामः
२. कार्यरत संस्था, जिल्ला र पालिकाको ठेगानाः
३. शैक्षिक योग्यताः
   (क)
   (ख)
४. नागरिकताको प्रमाणपत्रः
५. मोबाइल नम्बर र इमेलः
६. चलचित्रका बिषयसँग सम्बन्धित काम गरेको अनुभवः
   (क)
   (ख)
७. सिक्न चाहेका बिषय
८. नागरिकता प्रमाणपत्र
९. कार्यशालामा सहभागी भइ फर्केपछि काम गर्ने संस्थाः

सचिव

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची- ३

(दफा १२, १३, १४, १५ र १६ सँग सम्बन्धित)

<u>चलचित्र प्रोत्साहन बृत्ति प्रासिका लागि दिइने आवेदनको ढाँचा</u>

श्री सञ्चार रजिस्ट्रार कार्यालय
बागमती प्रदेश, नेपाल।

विषय: <u>चलचित्र प्रोत्साहन बृत्ति सम्बन्धमा।</u>

म हाम्रो संस्थाले निर्माण गर्न लागेको लघु चलचित्र, बृत्तचित्र, कथानक चलचित्रका लागि त्यस कार्यालयबाट उपलब्ध गराइने चलचित्र प्रोत्साहन बृत्तिका लागि देहायका विवरण खुलाई दरखास्त गरेको छु/छौं।

१. चलचित्रको विवरण:
   (क) चलचित्रको नाम:
   (ख) चलचित्र निर्माण गर्न प्राप्त गरेको अनुमतिको मितिः
२. निर्माताको नाम:
३. निर्देशकको नाम:
४. निर्माण संस्था वा व्यक्तिको नाम:
५. सम्पर्क नम्बर र इमेल:
६. चलचित्रको किसिम: बृत्तचित्र/लघु चलचित्र/ कथानक चलचित्र
७. चलचित्रको एक अनुच्छेद(कथा):
८. चलचित्र निर्माण लागत:
९. छनोट भएको चलचित्र सम्बन्धी थप विवरण:
१०. कबुलियतनामा: बागमती प्रदेशको बिषयवस्तुमा आधारित भई कार्यविधिमा उल्लेख भए बमोजिमका शर्तहरुको पालना गर्न मञ्जुर भइ कबुलियत गर्दछु।

आवेदकको नाम थर:
दस्तखत:
मितिः
कम्पनी वा संस्थाको छाप:

<u>दरखास्तका साथ पेश गर्नु पर्ने कागजातहरु:</u>

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२. बिदेश जान लागेको हो भने राहदानीको प्रतिलिपि
३. चलचित्र निर्माण गर्न दिइएको अनुमति पत्रको प्रतिलिपि
४. संस्था भएमा दर्ता प्रमाणपत्र,
५. स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि
६. अघिल्लो आर्थिक बर्षको कम्पनी अद्यावधिक प्रमाणपत्रको प्रतिलिपि
७. अघिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
८. सम्बन्धित आयोजकबाट प्राप्त निमन्त्रणापत्रको प्रतिलिपि
९. चलचित्रको कथासार
१०. सहभागिता जनाउने व्यक्तिको व्यक्तिगत विवरण

सचिव

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची- ४

(दफा १४ को उपदफा ११ सँग सम्बन्धित)

**चलचित्र महोत्सव तथा अवार्ड कार्यक्रमहरुको सूची**

| S.N. | International Film Festivals/Awards | Travel Grant Value(NRs) |
|---|---|---|
| 1 | Film Festivals | Shorts/Feature/ Documentary |
| A | Festival de Cannes, France – May | 100,000 |
| B | Berlin International Film Festival, Germany - February | 100,000 |
| C | Venice International Film Festival, Italy - September | 100,000 |
| D | Locarno International Film Festival, Switzerland - August | 100,000 |
| E | Toronto International Film Festival, Canada - September | 100,000 |
| F | Sundance Film Festival, USA - January | 100,000 |
| G | International Film Festival Rotterdam, The Netherlands - January | 100,000 |
| H | International Documentary Film Festival, Amsterdam(IDFA) | 100,000 |
| I | Clermont-Ferrand International Short Film Festival, France – January | 75,000 |
| J | International Short Film Festival Oberhausen, Germany - May | 75,000 |
| K | Busan International Film Festival, South Korea - October | 75,000 |
| L | Tokyo International Film Festival, Japan - October | 75,000 |
| M | HongKong International Film Festival, Hong Kong(HK) | 75,000 |
| N | SXSW Film Festival, Texas, USA | 75,000 |
| O | BFI London Film Festival, United Kingdom | 75,000 |
| P | International Documentary Film Festival, Amsterdam(IDFA)- November | 50,000 |
| Q | Hot Docs Canadian International Documentary Festival, Toronto, Canada | 50,000 |
| R | Cinéma du Réel, Paris, France | 50,000 |
| S | Sheffield Doc/Fest, Sheffield, United Kingdom | 50,000 |
| T | Visions du Réel, Festival International de Cinéma, Nyon, | 50,000 |
| U | CPH:DOX, Copenhagen International Documentary Film Festival, Denmark | 50,000 |
| V | SAARC Film Festival, SAARC Countries | 50,000 |
| W | International Film Festival of India(IFFI) | 50,000 |
| X | Other Film Festivals approved by Bagamati Province Government | 50,000 |

सचिव

मा. गंगानारायण श्रेष्ठ
मन्त्री